# कालिका नगरपालिका
# कालिका नगर अस्पताल

कालिका ६, बागमती प्रदेश, चितवन ,नेपाल

**Lab Reagent , lab materials र *x ray film* खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७८ ।०७ । ०८)**

यस कालिका नगर अस्पताल चितवनको लागी Lab Reagent & lab materials र *एक्स रे फिल्म* सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपरेकोले मिति २०७८।०७।०८ देखि मिति २०७८।०७ ।२२ सम्म् कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गरि मिति २०७८।०७ ।२३ गते दिनको १२.०० बजेभित्र दरभाउपत्र फाराम भरि रितपूर्वक दरभाउपत्र दर्ता गर्न इच्छुक व्यक्ति तथा फर्महरुको लागि मिति २०७८/०७/०८ मा १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरी Lab Reagent & lab materials र *एक्स रे फिल्म खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र* आव्हान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धी फाराम खरिद गर्न रु.१०००। अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) नगद तिरी सो बिल समेत संलग्न गरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र,आ.ब. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न गरी कालिका नगर अस्पताल कार्यालय, कालिका ६ चितवनबाट मिति २०७८।०७ ।२२ गतेसम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. मिति २०७८।०७ ।२२ गते सम्म खरिद गरिएको. दरभाउपत्र फाराम पुर्णरुपमा भरि मिति २०७८।०७ ।२३ गते दिनको १२.०० बजेसम्म रितपुर्वक कालिका नगरअस्पताल चितवनमा दर्ता गरिसक्नुपर्नेछ ।

३ दरभाउपत्र पेश गर्दा दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र पेश गर्ने फर्मको आधिकारिक व्यक्तिको सही र फर्मको छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ। यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको,एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

४. आफैंले खरिद गरेको दरभाउपत्रलाई रीतपूर्वक भरी सिलबन्दी गरी तोकिएको अवधिभित्र यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु मिति २०७८।०७।२३ गते दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

५. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम कालिका नगर अस्पताल कार्यालय,कालिका ६ चितवनको राष्ट्रिय बाणिज्य बैंक भरतपुर शाखामा रहेको चल्ती खाता नं १३१०१००००३७३९००१ मा दाखिला गरेको सक्कलै भौचर वा 'क' बर्गको बैकबाट जारी भएको र दरभाउपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी(BID BOND)दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ । स्वीकृत दरभाउपत्रदाताले कार्यालयले तोकेअनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नुपर्नेछ ।नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइनेछैन ।

६.आपूर्ति हुने सामानको **Expiry Date** स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै सामानको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ । प्रत्येक कार्टुन प्रत्येक बट्टा र प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर उल्लेख भएको हुनुपर्नेछ । हरेक *प्रयोगशाला रसायन र एक्स रे फिल्म* कार्यालयले तोकेको टेक्निकल स्पेसिफिकेसन पुरा गरेको हुनुपर्नेछ । *प्रयोगशाला रसायन र एक्स रे फिल्म* को टेक्निकल स्पेसिफिकेशन कालिका नगरपालिकाको कार्यालयको वेभसाइट **www.kalikamunchitwan.gov.np** मा हेर्न वा डाउनलोड गर्न सकिनेछ ।कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ

७.दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

८.दरभाउपत्रदाताले उपलब्ध गराउने *प्रयोगशाला रसायन र एक्स रे फिल्मको* स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकारपत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

९. दरभाउपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१० .यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी कालिका नगर अस्पताल कार्यालय,कालिका ६ चितवनमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 1/Goods/Lab Reagent & Medical goods/KNH/078/079 | Lab Reagent & lab materials खरिद | ७०८१६५।०८ | ३५४०८।२५ | |
| २ | 2/Goods/Xray film, lab reagent/KNH/078/079 | Xray film & Hematology Analyzer reagent खरिद | १२८९४०४।७८ | ६४४७०।२५ | |



१२८९४०४।७८

प्रमुख
कालिका नगर अस्पताल